# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सर्म्पक नं. ९८५७८२६१११


**स्वास्थ्य संस्था प्रमुखसँग चौरजहारी नगरपालिकाले गरेको कार्य सम्पादन करार सम्झौता**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम) (जसलाई यसपछि पहिलो पक्ष भनिएको) र ............ ............ ............अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र रुकुम (पश्चिम) का प्रमुख श्री............ ............ ............(जसलाई यसपछि दोस्रो पक्ष भनिएको) बीच स्वास्थ्य संस्थाको समग्र विकास र गुणस्तर अभिवृद्धिको लागि देहायका शर्तहरुको अधिनमा रहि कार्य गर्न गराउन सहमत भई यो कार्य सम्पादन सम्झौता गरिदियौं, लियौं ।

१. यो सम्झौता **मिति २०७७/०९/०५ गतेदेखि मिति २०७८ असार मसान्तसम्म** लागू हुनेछ र यसको कार्यान्वयन गराउने दायित्व प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुखको हुनेछ । सम्झौता उल्लेखित शर्तहरुको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

२. पहिलो पक्षले कार्य सम्पादन करारमा दोस्रो पक्षले पालना गर्नुपर्ने भनि उल्लेखित शर्तहरु पालना भए वा नभएको सम्बन्धमा स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख मार्फत निरन्तर रुपमा अनुगमन, नियमन, मूल्यांकन गरी प्रतिवेदन गर्नेछ ।

३. पहिलो पक्षले मूल्यांकनका आधार र मापदण्डहरु निर्माण गरी सूचकमा आधारित कार्य सम्पादन मूल्यांकन मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रुपमा गर्नेछ । सोही मूल्यांकनको आधारमा दोस्रो पक्षको नियुक्ति अवधि थप गर्ने वा नियुक्ति रद्द गरी अर्को प्रमुख छनौटको लागि सिफारिस गर्ने भनि प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रस्ताव पेश गर्नेछ र प्रमुख प्रशासकीय अधिकृतको निर्णयानुसार नियुक्ति थप वा रद्द गर्न सकिनेछ ।

४. पहिलो पक्षले दोस्रो पक्ष पक्षले सम्पादन गरेका कार्यहरु निजको कार्य सम्पादनस्तर र स्वास्थ्य संस्थाको समग्र वातावरणको सम्बन्धमा मासिक चौमासिक रुपमा नगर कार्यपालिका समक्ष प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्नेछ ।

५. दोस्रो पक्षले देहायका कार्यहरु तोकिएकै अवधिभित्र सम्पादन गरिसकेको हुनुपर्नेछ :–

**(क) स्वास्थ्य संस्था प्रमुखको नियुक्ति पाए पश्चात् मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रुपमा सम्पादन गर्नुपर्ने कार्यहरु (अंकभार १००)**

I. पूर्ण सरसफाईका सात सूचकहरु पूरा गरी पूर्ण सरसफाई उन्मूख स्वास्थ्य संस्था घोषणा गर्ने ।

सम्पर्क नं.
०८८५७८२६१११

II. स्वास्थ्य संस्था रहेको स्थलको ५०० मिटरभित्र कुनै पनि किसिमको मदिराजन्य पदार्थ उत्पादन, विक्री वितरण र सेवन गर्न नपाउने व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्ने । साथै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी कर्मचारीहरुले समेत मदिराजन्य पदार्थको उत्पादन, विक्री वितरण र सेवन गर्न नपाउने व्यवस्था लागू गर्ने ।

III. स्वास्थ्य संस्था रहेको स्थलको २०० मिटरभित्र कुनै पनि किसिमको सूर्तिजन्य पदार्थ उत्पादन, विक्री वितरण र सेवन गर्न नपाउने व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन गर्ने । साथै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी कर्मचारीहरुले समेत सूर्तिजन्य पदार्थको उत्पादन, विक्री वितरण र सेवन गर्न नपाउने व्यवस्था लागू गर्ने ।

IV. निर्मित भौतिक संरचना (भवन, शौचालय, घेरावार, खानेपानीको धारा इत्यादी) को पूर्ण रुपमा प्रयोग गरिसकेको हुनुपर्नेछ ।

V. सेवाप्रदायक (स्वास्थ्यकर्मी/कर्मचारी) र सेवाग्राहीले पालना गर्नुपर्ने आचारसंहिताहरु पहिलो पक्षसँगको समन्वयमा तयार पारी लागू गरिसकेको हुनुपर्नेछ ।

VI. विदाको विवरण, हाजिरी विवरण, जिन्सी विवरण लगायतका स्वास्थ्य संस्थामा रहेका एवम् राख्नुपर्ने अभिलेखहरु दुरुस्त बनाई राखेको हुनुपर्नेछ ।

VII. स्वास्थ्यकर्मी कर्मचारीहरुको कार्यविभाजन भईसकेको हुनुपर्नेछ । कार्यविभाजन अनुसार कार्य सम्पादन समेत भएको हुनुपर्नेछ । सेवा प्रवाहलाई भरपर्दो, सुलभ, गुणस्तरिय र पहुँचयोग्य बनाई स्वास्थ्य संस्थाबाट सम्पादन हुने क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने र गराउने ।

VIII. स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिका स्वास्थ्य संस्थासँग सम्बन्धित सूचकहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्ने ।

IX. स्वास्थ्यकर्मीहरु अनिवार्य रुपमा तोकिएको पोशाकमामात्र स्वास्थ्य संस्थामा उपस्थित हुनुपर्नेछ ।

X. एजेन्डामा आधारित भई प्रत्येक महिनामा एक पटक स्टाफ मिटिङ आयोजना गर्नुपर्नेछ । साथै नगरपालिकाले तोकेको समयमा आयोजना हुने स्टाफ मिटिङमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ ।

XI. प्रत्येक महिनामा एक पटक स्वास्थ्य संस्थाको समग्र अवस्थाको बारेमा नगरपालिकामा प्रतिवेदन पेश गरेको हुनुपर्नेछ । नगरपालिकाबाट स्वास्थ्य गुणस्तर अभिवृद्धि सम्बन्धमा भएका निर्णय र दिईएका निर्देशनहरुको हुबहु कार्यान्वयन भएको हुनुपर्नेछ ।

XII. स्वास्थ्य संस्था मार्फत कार्यान्वयन हुने स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्ययोजना कार्यान्वयनमा सक्रिय सहभागिता जनाउनुपर्नेछ ।

XIII. स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूसँग समन्वय गरी सेवाप्रदायक र सेवाग्राहीहरुबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।

XIV. स्वास्थ्य संस्थामा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने ।

XV. कुनै स्वास्थ्यकर्मीले जानी जानी वा लापरवाहीसाथ कुनै काम गर्नाले स्वास्थ्य संस्थालाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

XVI. स्वास्थ्यकर्मीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगरपालिकाबाट अनुगमनमा आएको टोलीले हेर्न चाहेमा देखाउने,

XVII. स्वास्थ्यकर्मीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्वास्थ्य तथा सामाजिक विकास शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

XVIII. स्वास्थ्यकर्मीहरुलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्वास्थ्य तथा सामाजिक विकास शाखामा सिफारिस गर्ने,

XIX. व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

XX. स्वीकृत दरवन्दीमा कार्यरत स्वास्थ्यकर्मीको तलवी प्रतिवेदन पारित गर्न स्वास्थ्य तथा सामाजिक विकास शाखामा पठाउने,

XXI. स्वास्थ्य संस्थाको स्वास्थ्य प्रगति सम्बन्धी विवरण तथा तथ्यांक निर्धारित ढाँचा र समयभित्र स्वास्थ्य तथा सामाजिक विकास शाखामा पठाउने,

XXII. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई नगरपालिकामा दर्ता गरी स्वास्थ्य तथा सामाजिक विकास शाखा मार्फत तोकिएको निकायमा पठाउने,

XXIII. व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने,

XXIV. स्वास्थ्यकर्मीलाई स्वास्थ्य संस्था प्रमुखप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय स्वास्थ्यका लागि वा नगरपालिकाले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलव्धिका लागि स्वास्थ्यकर्मीहरुसँग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

XXV. स्वास्थ्य सूचना प्रणालीको प्रयोग र व्यवस्थापन गर्ने । जस्तो $DHIS_2$ को पूर्ण रुपमा प्रयोग गर्ने र सोही मार्फत मासिक रुपमा रिपोर्टिङ गर्ने । स्वास्थ्य तथ्याङ्क तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्ने कार्य दुरुस्त रुपमा प्राथमिकताकासाथ गर्ने ।

६. माथि उल्लेखित सूचक र अंक भारको आधारमा दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन हुनेछ । दोस्रो पक्षले कूल पूर्णांकको कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्न नसकेमा निजको नियुक्ति खारेज गरी रु पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना समेत गरिनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम थर : रामबहादुर के.सी. | नाम थर : |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०७७/०९/०५ | मिति : |